२०-९-२५ saturday

**मुख्य समाचार ......**

- प्रधानमन्त्री नरेन्द्र मोदीले प्रत्येक क्षेत्रमा भारत आत्मनिर्भर बन्नुपर्ने आवश्यकतामा जोड़ दिदै भारतको विदेशप्रतिको अत्यधिक निर्भरतालाई आफ्ना प्रमुख कमजोरीहरूमध्ये एक भएको उल्लेख गर्नुभयो।
- अमरीकाका राष्ट्रपतिले तकनीकी क्षेत्रमा विदेश◌ीहरूको संख्या सीम◌ीत गर्नका लागि **एच-वन बी वीज़ा –मा** एक लाख डलरको वार्षिक शुल्क लगाउने गर्नुभयो घोषणा
- प्रधानमन्त्रीले घोषणा गरेअनुरुप आउदो सोमवार देखि नया◌ँ कर-दर लागु हुने, अनि
- अहमदाबाद-मुम्बई बुलेट ट्रेनको पह◌िल◌ो खण्ड दुई हजार सताइस सम्म शुरू ह◌ुने रेल मन्त्रीको भनाइ ।

**नयाँ प्रधानमन्त्री गुजरात**

प्रधानमन्त्री नरेन्द्र मोदीले प्रत्येक क्षेत्रमा भारत आत्मनिर्भर बन्नुपर्ने आवश्यकतामा जोड़ दिँदै भारतको विदेशप्रतिको अत्यधिक निर्भरतालाई आफ्ना प्रमुख कमजोरीहरूमध्ये एक भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो ,अब समय आएको छ कि भारतले दुई हजार सैत◌ालिस सम्म विकसित भारतको सपन◌ा साकार गर्नका लागि विश्व साम◌ु एक आत्मनिर्भर राष्ट्रको रूपमा उभिनुपर्छ। प्रधानमन्त्रीले आज भावनगर-मा 'समुद्र से समृद्धि' कार्यक्रमलाई सम्बोधन गर्नुभयो। भारतलाई एक समुद्री महाशक्ति बनाउने आफ्नो सरकारको दृष्टिकोण बारे प्रधानमन्त्रीले भन्नुभयो, देशको लक्ष्य दुई हजार सैत◌ालिस सम्म वैश्विक समुद्री व्यापारमा

आफ्नो हिस्सेदारीलाई तीन गुना गर्नुछ ।

कार्यक्रममा, प्रधानमन्त्रीले बतीस हजार करोड़ रुपियाँ भन्दा अधिक-का केही परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो ।

श्री मोदीले सात हजार आठ सय करोड़ रुपियाँ भन्दा अधिक मूल्यको केही प्रमुख समुद्री परियोजनाका साथ मुम्बई अन्तर्राष्ट्रीय **क्रूज टर्मिनलको** पनि उद्घाटन गर्नुभयो ।

स्वदेशी जहाज निर्माणमा भारतको क्षमतामा प्रकाश पार्दै, प्रधानमन्त्री मोदीले **आई.एन.एस** विक्रान्तको उदाहरण दिनुभयो । उहाँले समुद्री अर्थव्यवस्थालाई बढ़ावा दिनका लागि सरकार द्वारा उठाइएको विभिन्न पहल बारे पनि बताउनुभयो, जसमा नयाँ बंदरगाह-हरूको विकास, अहिलेको बुनियादी ढाँचाको विस्तार र क्रूज़ पर्यटनलाई बढ़ावा दिनु शामेल छ, जसले समग्र बंदरगाह क्षमतामा उल्लेखनीय वृद्धिमा योगदान दिएको छ ।

**ट्रम्प- एच-1बी वीज़ा**

अमरीकाका राष्ट्रपति डोनल्ड ट्रम्पले तकनीकी क्षेत्रमा विदेशीहरूको संख्या सीमीत गर्नका लागि **एच-वन बी वीज़ा –मा** एक लाख डलरको वार्षिक शुल्क लगाउने घोषणा गर्नुभएकोछ । यसले यस्तो वीसामा अर्को देशबाट कर्मीहरू ल्याउन इच्छुक कम्पनीले हरेक साल प्रति वीसा एक लाख डलरको भुगतान गर्नु पर्छ। अमरीकी राष्ट्रपति कार्यालय अनुसार, यसको उद्देश्य यो सुनिश्चित गर्नु हो कि, कम्पनीले जुन कर्मचारीहरू ल्याउन चाहीरहेको छ , उनीहरू वास्तवमा अत्यधिक कुशल छन् र अमरीकी कर्मचारीले उनीहरूको स्थान लिनसक्दैन्न । यसको अतिरिक्त, ट्रम्प प्रशासनले अमरीकी अर्थव्यवस्थामा महत्वपूर्ण योगदानका लागि , विश्व भरका धनीहरूलाई अमरीकामा स्थायी निवासको पेशकशका लागि

एउटा महङ्गो **गोल्ड कार्ड** कार्यक्रमको शुरुआत गरेको छ ।

## 24 जीएसटी दिवस - इलेक्ट्रोनिक्स

कर ढाँचालाई सरल बनाउन र नागरिकहरूमा वित्तीय बोझ कम गर्ने दिशामा एउटा ऐतिहासिक कदम उठाउदै प्रधानमन्त्री नरेन्द्र मोदीले यस वर्ष स्वतन्त्रता दिवसको आफ्नो सम्बोधनमा अगिलो पीढीको जीएसटी सुधारहरूको घोषणा गर्नुभयो भने नयाँ कर दरहरू सोमवारदेखी लागू हुनेछ।

वित्त मन्त्री निर्मला सीतारामनले भन्नुभयो, नागरिकको हितका लागि वस्तु र सेवा कर- GST slabs मा सुधार गरिएको छ। आज **तूतीकोरिन-को कोविल पट्टीमा** माचिस र आतिशबाजी निर्माण संघको शताब्दी समारोहलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, सरकारले दुई हजार सैतालिस सम्म विकासशील भारतको दीर्घकालिक दृष्टिकोणका साथ काम गरिरहेको छ। उहाँले भन्नुभयो, सरकार आतिशबाजी र माचिस निर्माताहरूको हितका लागि हर सम्भव सहायता प्रदान गर्नेछ। श्रीमती सीतारामनले बताउनुभयो , सोमवारदेखी मानिसलाई राहत मिल्नेछ। मानिसले जी.एस.टी-मा कमीका कारण धेरै कम मूल्यमा चीज़बीज खरीद गर्न पाउनेछन् । उहाँले भन्नुभयो, तिन सय पचहत्तर वस्तुहरूमा जी.एस.टी दर कम गरिएको छ जसले गर्दा मानिसलाई चाड-पर्व मनाउनमा सहयोग मिल्नेछ।

## मुम्बई बुलेट ट्रेन

रेल मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, अहमदाबाद-मुम्बई बुलेट ट्रेनको पहिलो खण्ड दुई हजार सताइस सम्म शुरू हुनेछ। नवी मुम्बईमा **घनसोली र शिलफाटा** सुरङ्गको निर्माण

कार्य पूरा भएपछि मीडिया संग बातचीतमा श्री वैष्णवले यो जानकारी दिनुभएको हो। उहाँले यस सुरङ्गको निर्माणलाई बुलेट ट्रेन परियोजनामा महत्वपूर्ण बताउनुभयो। केन्द्रीय मन्त्रीले बताउनुभयो, परियोजनामा तिन सय बिस किलोमीटर लामो पुल बनेर तयार छ। **साबरमती सुरंगको** निर्माण कार्य पूरा हुन लागेको छ। सबै स्टेशन र पुलहरूको निर्माण कार्य तेजीले चलीरहेको छ। श्री वैष्णवले भन्नुभयो यस परियोजनामा केही स्वदेशी तकनीकहरू, उपकरणहरूको उपयोग गरिदैछ।

## दिल्ली-मुख्यमन्त्री अंबेडकर विश्वविद्यालय

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले आज कर्मपुरा स्थित डा. बी. आर. अम्बेडकर विश्वविद्यालयको परिसरमा नव-निर्मित **स्वामी विवेकानन्द** भवनको भव्य उद्घाटन गर्नुभयो। यस अवसरमा मुख्यमन्त्रीले दोहोर्याउनुभयो, दिल्लीका देश र विदेशका छात्राका लागि शिक्षाको हब बनाउनु उहाँको सरकारको प्रतिबद्धता छ। यस अवसरमा सांसद **बासुरी स्वराज**, दिल्ली सरकारका शिक्षा मन्त्री **आशीष सूद** र विधायक **हरीश खुराना** पनि उपस्थित हुनुहुनथ्यो। श्रीमती गुप्ताले आफ्नो **उद्बोधनमा** भन्नुभयो, दिल्ली सरकारको सर्वोच्च प्राथमिकता छ, बी. आर. अम्बेडकर विश्वविद्यालय सहित पूरा दिल्लीका विश्वविद्यालयलाई विश्वस्तरीय र उत्कृष्ट बनाइयोस्।

## तटीय सफाई दिवस

पुद्दुचेरीमा आज अन्तर्राष्ट्रीय तटीय सफाई दिवस मनाइयो अनि, गान्धी प्रतिमाको छेउ रक बीचमा भारतीय तटरक्षक बल द्वारा आयोजित यस सफाई अभियानको उद्घाटन उप-राज्यपाल **- के. कैलाश नाथनले** गर्नुभयो। विधायक **वैद्यनाथन** र **कल्याण सुन्दरम,** मुख्य सचिव **शरत**

**चौहान**, तटरक्षक कमाण्डर डी.आई.जी **तसीला** र वरिष्ठ अधिकारीहरूले यसमा भाग लिए। पाँच सय भन्दा  अधिक **एन.एस.एस** र **एन.सी.सी**-का छात्र र सामाजिक कार्यकर्ताहरूले यस सफाई गतिविधिमा भाग लिए। यस अवसरमा ,  तटरक्षक बलले समुद्रमा हेलीकप्टर र नावका साथ साहसिक प्रदर्शन गरे ।

**-मौसम**

मौसम विभागले अगिलो तीन दिन सम्म अरुणाचल प्रदेश, असम, मेघालय, नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरामा हल्का देखी मध्यम वर्षा र केही स्थानमा भारी वर्षाको अनुमान गरेको छ । यस महीनाको पचीस तारीख सम्म मध्य र दक्षिण प्रायद्वीपीय भारतका केही भागमा पनि मूसलाधारे बर्षा हुने संभावना छ ।

**मौसम विभागले भोली सम्म अण्डमान र निकोबार द्वीप समूह, तमिलनाडु, पुडुचेरी, कराईकल, पश्चिम बंगाल, सिक्किम, बिहार, छत्तीसगढ, पूर्वी राजस्थान, गुजरात, झारखण्ड, महाराष्ट्र, नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरा, ओडिशा, उत्तराखण्ड र पश्चिमी मध्य प्रदेशमा गरजका साथ बिजुली र तेज़ हावा संगसंगै  पानी पर्ने अनुमान गरेको छ ।**

**--------------**